नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३०    अंक ६४    २०७७ साल असोज १५ गते बिहीबार (1 Oct. 2020 Thursday)    मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहतामा रहेका मुख्य व्यवस्थाहरु**

- जबर्जस्ती करणी गरी ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- क्रूर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- सार्वजनिक रुपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा विष हाली ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : बलात्कारीलाई सजाय ... ३ पृष्ठमा : एनसेलको पेएजयूगो डेटा ... ३ पृष्ठमा : पाकिस्तानमा सबै शैक्षिक ...

# बालमन्दिरलाई अर्को विद्यालयमा गाभ्ने निर्णय विवादमा



**दैनिक समाचारदाता**
**राजविराज, १४ असोज ।**

राजविराज नगरपालिकाले नगर क्षेत्रको पुरानो शैक्षिक संस्था बाल मन्दिरलाई अर्को विद्यालयमा गाभ्ने निर्णय गरेपछि विवाद उत्पन्न भएको छ ।

बालमन्दिरलाई राजविराज वडा नं. ७ स्थित रमेश नारायण दास आदर्श विद्यालयमा गाभ्ने निर्णय गरेपछि विवाद उत्पन्न भएको हो ।

नेपाल बाल संगठनले एक प्रेस विज्ञप्ति जारि गर्दै नगरपालिकाले गत भदौं ९ गते २०२१ सालदेखी आफ्नै जग्गामा संचालनमा रहेको बाल मन्दिरलाई उक्त विद्यालयमा गाभ्ने र सो जग्गामा इन्जिनियरिङ र नापी समेतको उच्च प्राविधिक शिक्षा संचालन गर्न भवन निर्माण गर्ने निर्णय गर्दा आफूहरुलाई कुनै जानकारी नदिई यति पुरानो संस्थाको अस्तित्व नै समाप्त गर्न खोजेको भन्दै आपत्ति जनाएको छ ।

बाल मन्दिर संचालक समितिका अध्यक्ष पुनम शेखर नायरद्वारा जारि विज्ञप्तिमा नगरपालिकाले गरेको उक्त निर्णयले अनाथ, असहाय बालबालिकाको अधिकार खोसिने भन्दै सो निर्णय नसच्याए कानुनी उपचारका लागि न्यायलयमा समेत जान बाध्ये हुने उल्लेख गरिएको छ ।

अध्यक्ष नायरले नगरपालिकाको उक्त कदम बालबालिका एन २०७५ विपरीत हुनुका साथै बाल संगठनको जानकारी बिना नै निर्माण कार्य समेत संचालन गर्न लागिएकाले आफूहरु यस बिरुद्ध कानुनी उपचारमा जाने निर्णय गरिएको जानकारी समेत दिएका छन् ।

सात कट्ठा १२ धुर जग्गा बालमन्दिर कै स्वामित्वमा रहँदा रहँदै उक्त संस्थालाई थाहै नदिई अन्यत्र गाभेर बाल मन्दिरको जग्गामा इन्जिनियरिङ र नापीको प्राविधिक उच्च विद्यालय संचालनको नाउँमा निर्माण कार्य सुरु गरिएको र यसले पुरानो एतिहासिक संस्थाको अस्तित्व नै समाप्त हुने उनको जिकिर रहेको छ ।

नगरपालिकाको शिक्षा समितिले भदौं १० पत्र पठाई बाल मन्दिरको सरसामान बुझाउन र बाल मन्दिरलाई रमशे नारायण दास आर्दश विद्यालयसित समायोजन प्रक्रियामा सघाउन भनी पत्र पठाएपछि आफूहरु चकित परेको अध्यक्ष नायरको भनाई छ । उनले नगरपालिकाको उक्त निर्णय कुनै पनि हालतमा स्विकार्य नहुने समेत बताएका छन् ।

राजविराज नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादवले बाल मन्दिरमा विद्यार्थी संख्या कम भएका कारण समायोजन गरिएको बताउँदै भने, विद्यार्थी अति कम छन्, पाँच/६ जना शिक्षकको दरबन्दी रहेको बाल मन्दिरमा खर्च नै बढी भएको कारण समायोजन गरिएको हो । उनले सिटिइभिटीबाट सम्बन्धन लिएर डिप्लोमा इन्जिनियरिङ र डिप्लोमा नापी जस्तो प्राविधिक विषय पठानपाठनको व्यवस्था मिलाउनका लागि बाल मन्दिरको जग्गामा नयाँ भवन निर्माण गर्न लागिएको स्पष्ट पार्दै यसमा सबैले सहयोग गर्नु पर्ने बताएका छन् ।

यता बाल संकगठनले यस सम्बन्धमा जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, अख्तियार अनुसन्धान आयोग, शिक्षा मन्त्रालय, महिला तथा बालबालिका मन्त्रालय लगायतका विभिन्न निकायमा पनि पत्राचार गरिएको समितिका अध्यक्ष नायरले बताए ।

# ७३ वर्षिय बृद्धको शव फेला

**दैनिक समाचारदाता**
**राजविराज, १४ असोज ।**

सप्तरीको तिरहुत गाउँपालिका वडा नं. ५ लोहजरामा बुधबार बिहान एक ७३ वर्षिय बृद्ध झुण्डिएको अवस्था फेला परेका छन् ।

उक्त गाउँपालिकास्थित पोखरी किनारमा रहेको आँपको रुखमा सोही वडा निवासी ७३ वर्षिय बृद्ध पाचु सेठको शव झुण्डिएको अवस्थामा फेला परेको हो ।

बिहान पोखरीमा नुहाउन गएकाहरुले सेठको शव आँपको रुखमा झुण्डिएको अवस्थामा स्थानियहरुले प्रहरीलाई खबर गरेको वडा अध्यक्ष रमानन्द चौधरीले बताएका छन् ।

यता शवलाई पोष्टमार्टमका लागि गजेन्द्र नारायण सिंह अस्पताल पुऱ्याई घटनाको विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।




# जसपा वरिष्ठ नेता यादवको निधन



**दैनिक समाचारदाता**
**राजविराज, १४ असोज ।**

जनता समाजवादी पार्टीका वरिष्ट नेता गंगाराम यादवको बुधबार बिहान निधन भएको छ ।

राजविराज ४ स्थित आफ्नै घरमा बुधबार बिहान ६ बजेतिर निधन भएको हो ।

७२ वर्षिय यादवको केही

*बाँकी अन्तिम पृष्ठमा*

## सम्पादकीय ....

# मनोबल बढाउनु आवश्यक

दशैं आउनै लाग्यो तर, बजारमा चहलपहल छैन् । विगत ६ महिनाको कोरोना महामारीका कारण सुनसान बनेको बजारमा दशैं आउनै लाग्दा पनि चहलपहल बढ्न सकेको छैन् । यसको मुख्य कारण ग्राहक । ग्राहक भनेकै बजारको मुख्य आकर्षणको केन्द्र हुन्छ । यसले बस्तुको उचित मुल्याङकन गरेर मुल्य समेत तोक्न मद्दत गर्दछ । तर अहिले बजारमा ग्राहक नै नभएपछि पसलेहरुको चिन्ता बढेको छ । महामारीका कारण सुस्त भएका ग्राहकहरु दशैं जस्तो महान चाडपर्वमा खर्च गर्न चाहेका छैनन् भने आगामी दिनहरुमा यसले कस्तो गति लिने भन्ने कुरामा चिन्तन गर्नु पर्ने बेला आएको छ ।

सरकारले बजार व्यवस्थापनदेखी दशैंको रौनक बढाउनका लागि केही आन्तरिक तयारी तथा मद्दत गर्नु पर्ने हुन्छ । अहिले मुलुकमा तीनै तहको सरकारको समनवय अत्यन्त आवश्यक छ । यसले आन्तरिक पर्यटकीय विकासदेखी स्थानियको मनोबल बढाउने काम गर्दछ । यसका लागि दशैंको बेला सरकारीस्तरबाट विशेष छुट, सेवा सुविधा लगायत उपभोक्ता अथवा ग्राहकको मर्म बुझ्रेर अगाडी बढ्नु पर्ने आवश्यकता छ ।

तसर्थ जनताको मनोबल बढाउन तीनै तहको सरकारले विशेष कार्यक्रम प्याकेज ल्याएर घरदौला सम्म पुग्ने व्यवस्था मिलाउनु आवश्यक छ । यसले ६ महिनासम्मको मानसिक पीडालाई कम गर्नुका साथै अब केही गर्नु पर्ने कुराप्रति प्रेरित गर्दछ । र महामारीका कारण बेरोजगार भएकाहरुको अवस्था बुझ्रेर सरकारले रोजगारीको व्यवस्था मिलाउनेतर्फ ध्यान पुग्नु उत्तिकै आवश्यक रहेको छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# बलात्कारीलाई सजाय : नपुंसकता कि मृत्युदण्ड

काठमाडौँ, १४ असोज (रासस) ।

सांसद्ले नेपालमा बलत्कारको घटनामा पीडकलाई सजाय पर्याप्त नहुँदा उनीहरु घटना हुनु पहिले नडराएकालृ मृत्युदण्डको सजायको माग गरेका छन् । उनीहरुले कानून कार्यान्वयन गर्ने निकायले भइरहेको कानूनको समेत कार्यान्वयन गर्न नसक्दा यस्ता घटना बढिरहेको पनि औंल्याएका छन् ।

प्रतिनिधिसभा, महिला तथा सामाजिक विकास समितिको बुधबार बसेको बैठकमा सहभागी महिला सांसद्ले बलात्कारजस्तो जघन्य अपराधका घटनामा अरु सजाय कम हुने भएकाले मृत्युदण्ड नै आवश्यक भएकामा जोड दिए । नेपाल कम्युनिष्ट पार्टी(नेकपा)की राधा ज्ञवालीले अधिकांश महिला सांसद् बलत्कारपछि हत्या गर्ने व्यक्तिलाई मृत्युदण्ड दिनुपर्ने पक्षमा रहेको बताउनुभयो । केही दिन पहिले भएको सबै दलका महिला सांसद्को बैठकमा पनि अधिकांश महिला सांसद् मृत्युण्डका पक्षमा भएको उहाँको भनाइ थियो । उहाँले भन्नुभयो, "यस्ता अपराधका घटनामा मानवता छैन र पशुत्व मात्रै छ भने मृत्युदण्ड दिनैपर्छ ।"

नेकपाकै विन्दा पाण्डेले कानूनको कार्यान्वयन गर्ने ठाउँमा बस्ने व्यक्तिले घटनालाई आफ्ना छोरी वा परिवारका सदस्यलाई यस्तै घटना भएमा 'म के सजाय माग्छु' भन्ने सोच्नुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "यस्ता घटनाका दोषीलाई श्रम शिविरमा पठाउन सोच्नुपर्छ ।"

नेपाली कांग्रेसका सचेतक पुष्पा भुसालले बलात्कार मानवताविरुद्धका घटना भएकाले यसमा कडाभन्दा कडा सजायको व्यवस्था गरिनुपर्नेमा जोड दिनुभयो । पछिल्लो दुई वर्षमा झण्डै पाँच हजार यस्ता घटना भएकाले पनि अहिले मृत्युदण्डका बारेमा छलफल गर्न खाँचो रहेको उहाँले औंल्याउनुभयो । उहाँले भन्नुभयो, "हामीले महासन्धिमा हस्ताक्षर गरिसक्यौं भन्दा पनि यसमा कसरी अघि बढ्ने भनी नयाँ ढङ्गको छलफल जरुरी छ ।"

नेकपाका सचेतक शान्ता चौधरीले कुनै पनि व्यक्तिले अपराध गर्नु पहिले सजायका बारेमा सम्झोस् भन्दै घटना नहुने गरी कानून बनाउनुपर्नेमा जोड दिनुभयो । बलात्कारलगायत हिंसाका घटनामा महिला मात्रै नभएर पुरुष पनि सचेत हुनुपर्नेमा उहाँले जोड दिनुभयो । उहाँले भन्नुभयो, "यसलाई शैक्षिक पाठ्यक्रममा पनि समेट्न जरुरी छ ।"

प्रदेश २ का प्रदेशसभा सदस्य रानी शर्माले स्थानीयस्तरमा बलत्कारजस्तो जघन्य अपराधका घटनामा समेत मेलमिलाप भइरहेको बताउनुभयो । उहाँका अनुसार पीडकले पीडितलाई ऊ र शिशु कसले पाल्छ भनी धम्की दिएर मिलाउने गरिएको छ । उहाँले भन्नुभयो, "पीडितलाई डराउने, धम्काउने गरी मेलमिलाप गराउने व्यक्तिको पनि छानबिन हुनुपर्छ ।"

समितिका सभापति नीरुदेवी पालले यस्ता घटनामा दोषीलाई मृत्युदण्ड वा नपुंसक बनाउन सकिने गरी कानून बनाउन सकिन्छ वा सकिँदैन भन्ने छलफल आवश्यक रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "पोखरामा भएको श्रेया सुनारको घटनाका दोषीले पनि पीडकलाई निर्मला पन्तको घटनामा पनि सजाय भएन भने मलाई के होला र भन्ने सोचेको रहेछ ।"

गृहसचिव महेश्वर न्यौपानेले बलात्कारका घटनामा ८० प्रतिशत पीडक पक्राउ परेको र २० प्रतिशत घटना पछि सीमा कटेर फरार हुने भएकाले मात्रै पक्राउ गर्न नसकिएको बताउनुभयो । बलात्कारका घटनामा अधिकांश चिनजानकै व्यक्ति भएको प्रहरीको तथ्याङ्क छ । पीडित व्यक्तिको नाम, ठेगानालगायत परिचय खुल्ने विवरण सार्वजनिक गर्न नहुनेमा उहाँको जोड थियो । उहाँले भन्नुभयो, "प्रहरीले पीडितको परिचय सार्वजनिक नगरे पनि मिडियाले गरेको छ ।"

नेपाल कानून आयोगका अध्यक्ष माधव पौडेलले नेपाल मृत्युदण्डविरुद्धको 'नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तरराष्ट्रिय प्रतिज्ञापत्र' मा हस्ताक्षर गर्ने एशियामा नै पहिलो देश भएको बताउँदै बलात्कारपछिको हत्याका घटनामा अहिले भएको अधिकतम सजाय अझै बढाउन सकिने विचार राख्नुभयो । बलात्कारीलाई नपुंसक बनाउने कानून नेपालमा विसं २०१२/१३ मै उन्मूलन भइसकेको उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "समाज सभ्य हुँदै जाँदा हामी पछाडि फर्कनु ठीक होइन ।"

# बडादशैंमा भीडभाडका क्रियाकलाप र बोकाबलि निषेध

जनकपुरधाम, १४ असोज (रासस) ।

यस पटक वडा दशैं पर्वमा धनुषाका शक्तिपीठमा भीडभाडका क्रियाकलाप र बोकाबलि चढाउन निषेध गरिएको छ । जिल्ला प्रशासन कार्यालय धनुषामा भएको सरोकारबालाको बैठकले कोरोना सङ्क्रमणको जोखिमलाई दृष्टिगत गरी सो निर्णय गरिएको हो ।

कार्यालयद्वारा जारी सूचनामा परम्परा धान्न संक्षिप्त क्षमा पूजा मात्र गर्न पाउने निर्णय गरिएको उल्लेख छ । बैठकमा प्रदेशसभा सदस्य, राजनैतिक दलका प्रतिनिधि, सुरक्षा निकायका प्रमुख, नगरपालिका, गुठी संस्थान र स्थानीय विभिन्न क्लबका प्रतिनिधिको सहभागिता रहेको थियो ।

# मनसुन बाहिरिन अझै एक साता लाग्ने

काठमाडौँ, १४ असोज (रासस) ।

नेपालबाट मनसुन बाहिरिन अझै एक साता लाग्ने भएको छ ।

मनसुन पश्चिमी भूभागबाट बाहिरिने क्रम शुरु भई सकेको मौसमविद् निराजन सापकोटाले बताउनुभयो । "पश्चिमी भूभागबाट बाहिरिन शुरु भएको मनसुन पूर्वी भूभागसम्म पुग्न एक हप्ता लाग्नेछ", उहाँले भन्नुभयो । उहाँका अनुसार मनसुन पश्चिमी भूभागबाट शुरु भई पूर्वी भूभागबाट अन्त्य हुनेगर्छ ।

गत वर्ष पनि मनसुन अक्टोबरको पहिलो हप्ता बाहिरिएको थियो । मनसुन बाहिरिने औसत समय सेप्टेम्बर २३ भए पनि विगत दुई-तीन वर्षदेखि मनसुन अक्टोबरसम्म पुग्ने गरेको बताइएको छ । हाल देशका पहाडी भूभागमा आंशिक बदली रहेको छ । राति प्रदेश नं १, वाग्मती, गण्डकी र प्रदेश ५ मा सामान्य बदली र बाँकी प्रदेशमा आंशिक बदली रही प्रदेश नं १, वाग्मती, गण्डकी, कर्णाली र प्रदेश नं ५ का केही स्थानमा हल्का वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरणअनुसार बुधबार काठमाडौँ उपत्यकाको न्यूनतम तापक्रम १८ दशमलव ८ र अधिकतम तापक्रम ३० दशमलव ४ डिग्री सेल्सियस रहेको छ । त्यस्तै बुधबार सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम १२ दशमलव ६ डिग्री र सबैभन्दा धेरै नेपालगञ्जको अधिकतम तापक्रम ३४ दशमलव ७ डिग्री सेल्सियस रहेको छ ।

# वैदेशिक रोजगार कार्यालयको सेवा बन्द

काठमाडौँ, १४ असोज (रासस) ।

कर्मचारीमा कोरोना भाइरस सङ्क्रमण देखिएपछि वैदेशिक रोजगार कार्यालय ताहचल काठमाडौंको सेवा बन्द गरिएको छ ।

*बाँकी तीन पृष्ठमा*


# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

# एनसेलको पेएजयूगो डेटा अब ४० पैसा प्रति एमबी सम्ममा पाइने

**दैनिक समाचारदाता**
**काठमाडौं, १४ असोज ।**

एनसेल आजियाटा लिमिटेड (पहिले एनसेल प्राइभेट लिमिटेड) ले आफ्ना ग्राहकलागि आकर्षक साप्ताहिक पेएजयूगो योजना ल्याएको छ जसअन्तर्गत ग्राहकले कर बाहेक ४० पैसा प्रति एमबी सम्ममा डेटा सेवा प्रयोग गर्न सक्छन् ।

यो योजना बुधबार (असोज १४) देखि लागु भएको छ । पेएजयूगो अर्थात मेन ब्यालेन्सबाटै विद्यमान प्रति एमबी कर बाहेक रु २ मा डेटा सेवा प्रयोग गर्ने र सुलभ दरमा डेटा सेवा प्रयोग गर्नका लागि प्याक सुविधा नलिने ग्राहकहरुलाई ध्यानमा राखी सुलभ दरमा सेवा प्रदान गर्न यो योजाना ल्याइएको हो ।

यस योजनामा ग्राहकले आफ्नो मेन ब्यालेन्सबाट जति धेरै खर्च गर्दछन् त्यसै अनुरुप डेटाको शुल्क अझ सुलभ हुँदै जान्छ । यदी ग्राहकले पेएजयूगो अन्तर्गत एक हप्तामा डेटाका लागि रु २० सम्म खर्च गरेमा विद्यमान पेएजयूगो शुल्क रु २ प्रति एमबी पर्दछ । एक हप्तामा ग्राहकले रु २० देखि रु ५० सम्म डेटा सेवामा खर्च गर्ने बितिकै सेवा प्रयोगका लागि प्रति एमबी शुल्क रु १ मा झर्दछ । त्यसैगरी यदी ग्राहकले एक हप्तामा रु ५० भन्दा बढी खर्च गर्ने बितिकै प्रति एमबी मात्र रु ४० पैसामा मेन ब्यालेन्बाटै डेटा सेवाको फाइदा लिन सक्छन् ।

साप्ताहिक चक्रमा हरेका हप्ता आइतबार देखि शनिबार सम्ममा ग्राहकले पेएजयूगो डेटा अन्तर्गत गरेको खर्चको आधारमा यो योजना संचालन हुन्छ । जस्तै कुनै ग्राहकले आइतबार देखि बुधबार सम्ममा पेएजयूगो डेटा सेवामा रु २३ खर्च गरेमा ग्राहकको मेन ब्यालेन्सबाट रु २० भन्दा बढि खर्च हुने बित्तिकै पेएजयूगो शूल्क त्यहि हप्ताको शनिबार मध्यरातसम्मका लागि रु १ प्रति एमबीमा झर्नेछ । त्यस्तै सोहि ग्राहकको खर्च उक्त हप्ता रु ५० भन्दा बढि हुने बित्तिकै ग्राहकले त्यस हप्ताको शनिवार मध्यरातसम्मका लागि मात्र ४० पैसा प्रति एमबीमा डेटा सेवाको फाइदा लिन सक्दछ ।

आफ्ना ग्राहकका लागि मेन ब्यालेन्सबाटै सुलभ दरमा डेटा सेवा सुनिश्चित गर्ने यो आकर्षक सेवा ल्याउन पाएकोमा एनसेल निकै हर्षित रहेको कम्पनीले जनाएको छ । सुलभ दरमा डेटा प्रयोग गर्न डेटा प्याकहरु सबै भन्दा राम्रो विकल्प भए पनि, यस योजनाले कुनै डेटा प्याक सुचारु नगरी पेएजयूगोमा डेटा चलाउने ग्राहकलाई ठूलो फाइदा पुर्‍याउने विश्वास एनसेलले लिएको छ ।

# शाओमीको एलईडी टिभी देशभर उपलब्ध

**दैनिक समाचारदाता**
**काठमाडौं, १४ असोज ।**

शाओमी, ग्लोबल टेक्नोलोजी लिडरले नेपालमा दशैं उत्सवको लाभ लिँदै दुईवटा नयाँ उत्पादन– मी टिभी ४एक्स (५५ इन्च) र मी एलईडी टिभी ४ए प्रो (४३ इन्च) सार्वजनिक गरेको छ ।

कम्पनीले बुधबार एक कार्यक्रममार्फत यी निम्न स्थानहरुमा–बिर्तामोड, विराटनगर, दमक, गोलबजार, गाईघाट, जनकपुर, नारायणघाट, पोखरा, वीरगञ्ज, रौतहट, हेटौंडामा मी टिभीको बिक्री वितरण शुरु गरेको छ । यससंगै शाओमीले पहिलो पटक नेपालको टिभी श्रेणीमा प्रवेश गरेको हो ।

मी टिभी ४एक्स (५५ इन्च) २०२० संस्करणले नेपालमा ठुलो टिभीमा महत्वपूर्ण परिवर्तन ल्याएको छ । यसमा ४के १०–बिट एचडीआर डिस्प्ले सुविधा छ जसलाई शाओमीको इन–हाउस इमेज प्रोसेसिंग अल्गोरिदम, भिभिड पिक्चर इञ्जिनले पूरक गरेको छ ।

एक वास्तविक इमर्सिभ अडियो भिजुअल अनुभव सक्षम गर्दै २०वाट्ट स्पिकर डल्वी अडियो र डीटीएस एचडीको लागि प्रमाणित छन् ।

मी टिभी ४एक्स (५५) २०२० संस्करण गुगलको नयाँ एन्ड्रोइड टिभी ९.० को साथ गुगल एसिसटेन्ट, युट्यूब, क्रोमकास्ट, गुगल प्ले स्टोर र डाटा सेभर बिल्ट–इनमा आउँदछ ।

यो नयाँ मी एलईडी टिभी ४ए प्रो (४३) ४३ इन्चको १०८०पी पूर्ण एचडी रिजोलुसनको साथ आउँदछ जसले टिभी हेर्ने अनुभवलाई अझ उत्कृष्ट बनाउन थप शिष्टता ल्याउँछ । यसमा उत्कृष्ट संचालन अनुभवका लागि साधारण १२ बटनको ब्लुटुथ मी रिमोट सुविधा छ र डुअल २० वाट्टको स्टेरियो सेटअप छ जसले डीटीएस–एचडी साउन्ड प्रदान गर्दै उपभोक्ताको घरमा ठुलो टिभीको सिनेमेटिक अनुभव प्रदान गर्दछ ।

शाओमी नेपालका कन्ट्री जनरल म्यानेजर सौरभ कोठारीले भन्नुभयो, "हामी दुईवटा आकर्षक टिभीहरु सार्वजनिक गर्दै नेपालको हाम्रो उत्पादन पोर्टफोलियोमा एक नयाँ श्रेणीको प्रारम्भ गर्न पाउँदा निकै खुशी छौं । सन्तुष्टि नै पहिला भन्ने उद्देश्यका साथ हामी हरेक मी टिभी प्रयोगकर्तालाई व्यक्तिगत इन्टरफेसका साथ अद्भुत अनुभव प्रदान गर्ने आशा राख्दछौं । मी टिभीले यसको उत्कृष्ट सफ्टवेयरका साथ स्मार्ट टिभीको अर्थ परिभाषित गर्दछ र सबैको दर्शनका लागि हाम्रो नविनतामा अडिक रहन्छ । यसलाई नेपालका हाम्रा प्रयोगकर्ता र मी फ्यानले मन पराउनेछन् भन्ने आशा राखेका छौं ।"

*वैदेशिक रोजगार ...*

कार्यालयमा कार्यरत एक कर्मचारीलाई कोरोना देखिएपछि अर्को सूचना नभएसम्मका लागि सेवा बन्द गरिएको कार्यालयले जनाएको छ । बुधबारदेखि श्रम स्वीकृति प्रदान गर्ने कार्य रोकिएको एक सूचना जारी गर्दै कार्यालयले जनाएको छ ।

सरकारले स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाएर वैदेशिक रोजगार खुला गरेसँगै पछिल्ला केही दिनयता कार्यालयमा श्रम स्वीकृति लिनेको सङ्ख्या बढ्दै गएको थियो । कार्यालयले यही असोज १ देखि १३ गतेसम्म दुई हजार ९२७ पुरुष र १८९ महिला गरी तीन हजार ११६ जनालाई श्रम स्वीकृति प्रदान गरेको छ ।






## विश्व समाचार

### पाकिस्तानमा सबै शैक्षिक संस्थाहरू खुल्ला

इस्लामावाद, १४ असोज (रासस/पीटीआई) ।

कोरोनाभाइरसको महामारी फैलिएपछि बन्द भएका पाकिस्तानका सबै शैक्षिक संस्था सूचारु हुन थालेका छन् । सरकारी अधिकारीहरूले झण्डै छ महिनापछि बुधबारदेखि सबै शैक्षिक संस्था सञ्चालन गर्न थालिएको जानकारी दिएका छन् । पाकिस्तानमा कोरोनाका कारण अहिलेसम्म झण्डै तीन लाख मानिस सङ्क्रमित भएको पनि अधिकारीहरूले जनाएका छन् ।

सञ्चालन हुन थालेका विद्यालयमा सरकारी तथा निजी दुवै प्रकारका विद्यालय रहेको जनाइएको छ । सञ्चालन गर्न थालिएका विद्यालयमा विद्यालय सञ्चालनका क्रममा स्वास्थ्य सतर्कतासम्बन्धी मापदण्ड पलनामा भने अत्यन्त कडाइ गरिएको छ । त्यसैगरी मापदण्ड पर्याप्त रूपमा पालना भएको वा नभएको बारेमा अनुगमन गर्न विभिन्न संयन्त्र पनि परिचालन गरिएको अधिकारीहरूले जानकारी दिएका छन् ।

केन्द्रीय शिक्षा मन्त्री शाफ्क्वात मोहमुदले विद्यालय बन्द हुँदा सबैभन्दा बढी प्राथमिक तहका विद्यार्थी प्रभावित भएको र अहिले खुलेपछि सबैभन्दा धेरै पनि उनीहरू नै आएको बताउनुभयो । कोरोनाभाइरसको महामारीका बारेमा विश्लेषणात्मक अध्ययन गरी सरोकारवालाको सुझावका आधारमा विद्यालय खोल्ने निर्णय गरिएको पनि उहाँले जानकारी दिनुभयो । पाकिस्तानमा अहिलेसम्म कूल तीन लाख १२ हजार २६३ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएका छन् । तीमध्ये ७४७ जना पछिल्लो २४ घण्टामा सङ्क्रमित भएको पनि राष्ट्रिय स्वास्थ्य सेवा मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार यो अवधिमा थप पाँच जनाको कोरोनाकै कारण मृत्यु भएको छ । योसँगै कूल मृतकको सङ्ख्या छ हजार ४७९ जना पुगेको छ । पाकिस्तानमा अहिले पनि कोरोनाभाइरसको सङ्क्रमणका कारण ४६७ जना गम्भीर अवस्थामा रहेका छन् ।

मन्त्रालयका अनुसार पाकिस्तानमा कोरोनाभाइरसबाट सङ्क्रमित भएकामध्ये दुई लाख ९६ हजार ८८१ जना अहिले पूर्णरूपमा सङ्क्रमणमुक्त भइसकेका छन् । सरकारी अधिकारीहरूले पछिल्लो २४ घण्टामा ३२ हजार ३१ जनाको कोरोना परीक्षण गरिएको जानकारी दिएका छन् । पाकिस्तानमा अहिलेसम्म ३५ लाख १४ हजार २३७ जनाको कोरोना परीक्षण गरिएको छ ।

### डिज्नेले दुई राज्यबाट २८ हजार कामदार हटाउने

क्यालिफोर्निया, १४ असोज (रासस-एएनआई) ।

मनोरञ्जनको क्षेत्रमा विश्वप्रसिद्ध संस्था डिज्नेले संयुक्तराज्य अमेरिकाका पार्कमा कार्यरत आफ्ना कर्मचारीमध्ये २८ हजार अर्थात् झण्डै एक चौथाइलाई हटाउने मङ्गलबार घोषणा गरेको छ । कोरोनाभाइरसको महामारी लामो समय कायम रहेको भन्दै डिज्नेले बाध्य भएर कर्मचारी कटौती गर्नु परेको जनाएको छ ।

शारीरिक दूरीका नियमहरूका कारण डिज्नेका मनोरञ्जन स्थलहरू नराम्रोसँग प्रभावित रहेको जनाउँदै डिज्नेले जारी गरेको विज्ञप्तिमा कोरोना सङ्क्रमणबाट तत्काल उन्मुक्ति प्राप्त हुने अवस्था पनि नभएकाले बाध्य भएर कर्मचारी हटाउनु परेको उल्लेख छ । डिज्ने पार्कका अध्यक्ष जस डिअमारोले डिज्नेका लागि कर्मचारी कटौती नै एक मात्र सम्भाव्य विकल्प रहेको पनि बताउनुभयो ।

क्यालिफोर्निया र फ्लोरिडामा मात्र कोरोना सङ्क्रमण हुनुअघि डिज्नेका पार्कहरूमा झण्डै एक लाख १० हजार कर्मचारी कार्यरत थिए । अब यी पार्कमा करिब ८२ हजार मात्र व्यक्तिले मात्र रोजगारी पाउनेछन् । गत जुलाईको मध्यमा वाल्ट डिज्ने वर्ल्डले फ्लोरिडाका पार्कहरू आंशिक रूपमा खोलेको थियो । तर कोरोनाभाइरसको त्रासका कारण सीमित सङ्ख्यामा मात्र मानिसहरू पार्कमा आएका थिए । जोन्स हप्किन्स विश्वविद्यालयका अनुसार कोरोनाभाइरसको महामारीबाट अमेरिकामा अहिले पनि सर्वाधिक असर परेको छ । यहाँ दुई लाख ५ हजार ७७४ जनाको मृत्यु भइसकेको छ भने ७१ लाख ८० हजारभन्दा बढी मानिस सङ्क्रमित भएका छन् ।

### अमेरिकी विदेश मन्त्री तीन देशको भ्रमणमा जाने

वासिङ्टन, १४ असोज (रासस/एएनआई) ।

अमेरिकी विदेश मन्त्री माइक पोम्पेओले अक्टोबरको पहिलो साता तीनदिने भ्रमण शुरु गर्नुहुने भएको छ । अक्टोबर ४ देखि ८ सम्ममा उहाँले जापान, दक्षिण कोरिया र मङ्गोलियाको भ्रमण गर्नुहुने भएको अधिकारीहरूले जनाएका छन् ।

मन्त्रालयले जारी गरेको वक्तव्यमा लेखिएको छ, "विदेश मन्त्री पोम्पेओ जापानको टोकियो, मङ्गोलियाको उलानबटोर र दक्षिण कोरियाको सोल जानु हुनेछ ।" टोकियोमा रहेका बेला उहाँले अष्ट्रेलिया, भारत र जापानका विदेश मन्त्रीहरूसँग अक्टोबर ६ तारिखमा भेट्ने कार्यक्रम रहेको छ ।

उहाँले उनीहरूसँग सहकार्य, एक आपसमा सहयोग आदान प्रदान र सम्बन्ध सुधारलगायतका विषयमा कुराकानी गर्नुहुने जनाइएको छ । पोम्पेओले अक्टोबर ७ तारिखमा मङ्गोलिया र ७ र ८ तारिखमा दक्षिण कोरियाका उच्च अधिकारीहरूसँग भेटवार्ता गर्ने तय भएको अधिकारीहरूले जनाएका छन् ।

*जसपा वरिष्ठ ...*

समय यता मृगौला रोगबाट पीडित थिए। बिहानी एक्कसी स्वास्थ्यमा समस्या देखिएपछि परिवारजनले अस्पताल लैजाने तयारी गरिरहँदा उनको निधन भएको भतिजा सन्तोषले बताए।

उनी तत्कालिन विषहरिया गाविसका अध्यक्ष तथा गाविस महासंघ सप्तरीका अध्यक्ष भएका थिए। त्यस्तै तत्कालिन राजपाका केन्द्रिय सदस्य समेत रहेका उनी संघीय समाजवादी र राजपाबीच एकिकरण पश्चात् बनेको जनता समाजवादी पार्टीका वरिष्ठ नेताको रुपमा चिनिन्थे।

उनलाई पार्टीको झण्डा ओढाउनुका साथै अन्तिम श्रद्धाञ्जली दिन जसपाका नेताहरुका साथै ठूलो संख्यामा सर्वसाधारण पुगेका थिए। उनको बुधबारै बैदिक परम्परा अनुसार अन्त्येष्टि गरिएको छ।

# कोराना संक्रमित ३५ वर्षिय युवकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १४ असोज।**

सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिका निवासी एक ३५ वर्षिय यूवकको उपचारका क्रममा कोरोना संक्रमणबाट मृत्यु भएको छ। योसँगै सप्तरीमा कोरोना संक्रमणबाट ज्यान गुमाउनेको संख्या १५ पुगेको छ।

सो गाउँपालिका वडा नं. ४ निवासी रितेश यादवको उपचारका क्रममा बुधबार बिहान बिपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा मृत्यु भएको हो।

उच्च ज्वरो, खोकी र स्वाश प्रश्वासमा समस्या देखिएपछि सात दिन अघि बिराटनगरस्थित गोल्डेन अस्पतालमा भर्ना गरिएको थियो। त्यहा उपचार सम्भव नभएपछि धरान रेफर गरिएका उनमा कोरोना संक्रमणको पुष्टि भएपछि आइसोलेशनमा राखि उपचार सुरु गरिएको थियो।

मंगलबार साँझ स्वास्थ्य अवस्था बिग्रिएपछि भेन्टिलेटरमा राखी उपचार सुरु गरिएकोमा बुधबार बिहान ४ बजेतिर उनको मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले जानकारी दिए। उनका अनुसार यादव उच्च रक्तचाप तथा मृगौला रोगका समेत बिरामी थिए।

# मैथिली भाषालाई विश्वव्यापी बनाउन एपको विकास

जनकपुरधाम, १४ असोज (रासस)।

एक जना अभियन्ताले मैथिली 'टयुटर' नामक एपको विकास गरी मैथिली भाषालाई विश्वव्यापी गर्नुभएको छ।

बन्दाबन्दीका अवधिमा अभियन्ता अभिनव झाले सो एपको विकास गरी मैथिली भाषालाई विश्वव्यापी बनाउन सफल हुनुभएको हो। अभियन्ता झा सप्तरी जिल्लाको राजविराज नगरपालिकाका हुनुहुन्छ। अस्ट्रेलियाको लाँ ट्रो विश्वविद्यालयबाट दूरसञ्चार र नेटवर्क इञ्जिनीयरिङमा एमई गरी भारतको एउटा कम्पनीमा कार्यरत रहनुभएका उहाँ बन्दाबन्दीका कारण घरबाटै कार्य सम्पादनका क्रममा सो एपको विकास गर्नुभएको हो।

मैथिली टयुटर नामक एपबाट मैथिली भाषा सजिलै सिक्नसक्ने विशेषता रहेको छ भने यसबाट मैथिली भाषीलगायत अन्य भाषीसमेत मैथिली भाषा सिक्न सकिनेछ। अभियन्ता झा भन्नुहुन्छ, "आफू अस्ट्रेलियामा अध्ययन गरे पनि मैथिली भाषाप्रतिको अगाध आस्था र पारिवारिक सदस्य एवं समाजको सहयोग एप विकासका लागि उत्प्रेरित गरेको हो।" एपमा मैथिली भाषाको ऐतिहासिकताबाट प्रारम्भ गरी पाँच अध्यायमा भाषा बोल्ने र सिक्ने सीप र अभ्यासको विकास गरिएको छ।

अभियन्ताका आमा आरती झा अभिनव मैथिली भाषाको एप विकासले विश्वभरि पुऱ्याउनमा सफलता पाएकामा आफू गौरव महसुस गरिरहेको बताउनुहुन्छ। अडियो, भिडियो, ग्राफिक्स र एनीमेशनको सहयोगले १५ दिनमा विकास गरिएको यस एपलाई गुगल प्लेस्टोरबाट डाउनलोडगरी मैथिली भाषा सजिलै सिक्नसक्ने बताइएको छ।


## भर्ना खुल्यो। भर्ना खुल्यो॥ भर्ना खुल्यो॥।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

हाम्रा बिशेषताहरु –

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था।
- औषधी पसलको लाइसेन्स लिन पाउने।
- OJT को विशेष व्यवस्था भएको।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको।

फारम बितरण मिति : २०७७/५/३० गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०७७/६/१९

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५२१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५


## भूल सुधार गरिएको बारे जानकारी

महुली सामुदायिक विकास केन्द्र (MCDC) सप्तरीद्धारा निर्माण सामाग्री खरिदका लागि बोलपत्र आह्वान सम्बन्धि सूचना प्रथम पटक प्रकाशित मिति २०७७/०६/१४ हुनु पर्ने र शर्त नं ५ मा समयावधि मिति २०७७/०६/१४ देखि २०७७/०६/२० गते हुनुपर्नेमा अन्यथा हुन गएकोमा सच्याएको व्यहोरा जानकारी गराईन्छ।

महुली सामुदायिक विकास केन्द्र (MCDC)
परियोजना कार्यालय, राजविराज सप्तरी (कन्चनपुर रोड)
सम्पर्क नं :०३१-५२०२०८
Email - mcdc.wash@gmail.com,mcdc.silverjubilee@gmail.com

## हार्दिक समवेदना



स्व. गंगाराम यादव

राजविराज ४ निवासी तत्कालिन विषहरिया गाविसका अध्यक्ष, गाविस महासंघ सप्तरीका अध्यक्ष एवं जनता समाजवादी पार्टीका वरिष्ट नेता गंगाराम यादवको ७२ वर्षको उमेरमा असामयिक निधन भएकोमा स्तब्ध भएको छु। दुःखको यस घडीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछु।

**प्रभाकर यादव**
**अध्यक्ष**
**जिल्ला समन्वय समिति, सप्तरी**

## हार्दिक समवेदना



स्व. हरिप्रसाद राय

सप्तरीको डाक्नेश्वरी नगरपालिका तरही निवासी नेपाली काँग्रेस सप्तरीका पूर्वसभापति, पूर्वसांसद एवं जनता समाजवादी पार्टी नेपालका केन्द्रिय सदस्य हरिप्रसाद रायको ८५ वर्षको उमेरमा निधन भएकोमा स्तब्ध भएको छु। दुःखको यस घडीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछु।

**प्रभाकर यादव**
**अध्यक्ष**
**जिल्ला समन्वय समिति, सप्तरी**


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। (हाम्रो सेवाहरु)

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit | City Express Money Transfer | Best Remit | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३८२३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np